स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चर्चित हास्यकलाकारद्वय सीताराम क`ल "धुर्मुस" र कुञ्जना घिमिरे "सुन्तली"ले अमेरिकाबाट नयाँ हास्य सिरियल निर्माण गरेका छन्। अमेरिकाको नर्थ क्यारोलाइना राज्यको राले क्षेत्रलाई केन्द्र बनाएर निर्माण भएको सिरियलको नाम "म त मर्छु कि क्या हो" राखिएको छ। धुर्मुस सुन्तली मिडीयाले निर्माण गरेको सिरियल हरेक साता शुक्रबार नेपाली समयअनुसार साँझ ८.१५ बजे प्रसारण हुनेछ।

**आजको विचार...**



सामाजिक...

(दुई पेजमा)

तोमनाथ उप्रेती

कलाकार दीपकराज गिरीले दीपाश्री निरौला जस्तो साथी आफूसँग छ भन्दा आँखा भरि आँसु छल्किने बताएका छन्। हालै ब्रेन ट्युमरको शल्यक्रिया गरेकी दीपाश्रीको हिम्मतको चर्चा गर्दै उनले सामाजिक सञ्जालमा एक भावुक सन्देश सहित जन्मदिनको शुभकामना दिएका हुन्। दीपकका अनुसार, मस्तिष्कको शल्यक्रिया भएको केही घण्टापछि आइसीयूमा होसमा आउने बित्तिकै दीपाश्रीले नर्ससँग आफ्नो श्रृङ्गारका सामान मगाएकी थिइन्। दीपाको यो वाक्यले आफूलाई अझै पनि झकझक्याइरहने उनले उल्लेख गरेका छन्।



❐ वर्ष ३२ ❐ अंक ३९ ❐ २०८३ भदौ ८ गते सोमबार 24 August 2026, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पा अस्पतालको नयाँ भवन निर्माण अघि बढाउने सर्वदलीय सहमति

## जग्गा व्यवस्थापनदेखि डीपीआर र बजेट सुनिश्चिततासम्मका महत्वपूर्ण निर्णय

**रामचन्द्र रायमाझी**

पाल्पा, भदौ ७/पाल्पा अस्पतालको नयाँ भवन निर्माणका लागि आवश्यक जग्गा व्यवस्थापन गर्न शनिबार बसेको सर्वपक्षीय तथा सर्वदलीय बैठकले अस्पतालको भौतिक पूर्वाधार विकासलाई तत्काल अघि बढाउने निर्णय गरेको छ । अस्पतालमा पर्याप्त भवन नहुँदा सेवा प्रवाहमै समस्या देखिन थालेपछि बैठकले जग्गा व्यवस्थापन, विस्तृत परियोजना प्रतिवेदन ( डीपीआर) निर्माण तथा आवश्यक बजेटका लागि प्रदेश र संघीय सरकारसँग पहल गर्ने निर्णय गरेको हो ।

प्रदेश सरकारको मापदण्डअनुसार अस्पतालको भवन निर्माणका लागि कम्तीमा ८ रोपनी जग्गा आवश्यक पर्ने भए पनि हाल पाल्पा अस्पतालको नाममा ७ रोपनी ३ आना मात्र जग्गा रहेको छ । आवश्यक जग्गा अपुग भएपछि नयाँ भवन निर्माणको प्रक्रिया अघि बढाउन समस्या हुँदै आएको थियो ।



बैठकले अस्पताल परिसरभित्रै रहेको तर हालसम्म अस्पतालको नाममा दर्ता हुन नसकेको जग्गालाई अस्पतालकै स्वामित्वमा ल्याउने प्रक्रिया तत्काल अघि बढाउने निर्णय गरेको छ । उक्त जग्गाको फिल्डबुक जलेको र जग्गा अन्य कुनै व्यक्तिको नाममा समेत नरहेको अवस्थामा अहिलेसम्म कसैले दाबी नगरेकाले आवश्यक कानुनी प्रक्रिया पूरा गरी अस्पतालको नाममा ल्याउने निर्णय गरिएको हो । त्यस्तै, तानसेन नगरपालिका-३, अपुभिलेज नजिक रहेको जग्गा भोगाधिकार तथा लिजमा लिन आवश्यक कानुनी प्रक्रिया अघि बढाउने निर्णय बैठकले गरेको छ । उक्त जग्गाका लागि वडा कार्यालयबाट सिफारिस भइसकेको र तानसेन नगरपालिकाको कार्यपालिका बैठकबाट समेत स्वीकृति प्राप्त भइसकेकाले सम्बन्धित निकायसँग समन्वय गरी थप प्रक्रिया पूरा गर्ने सहमति भएको छ । बैठकले तत्काल जग्गा व्यवस्थापन गरी डीपीआर तयार गर्ने तथा भवन निर्माणका लागि आवश्यक बजेट प्रदेश सरकार र संघीय सरकारसँग माग गर्ने निर्णयसमेत गरेको छ ।

बैठकमा सहभागी राजनीतिक दलका प्रतिनिधि, जनप्रतिनिधि, प्रशासनिक अधिकारी तथा पाल्पाका सरोकारवालाले स्वास्थ्यजस्तो संवेदनशील विषयमा आफूहरू गम्भीर रहेको बताएका छन् । सरकारी अस्पतालको भौतिक पूर्वाधार विकासका लागि आवश्यक सहयोग र पहल गर्न आफूहरू प्रतिबद्ध रहेको उनीहरूको भनाइ छ । बैठकमा प्रतिनिधिसभा सदस्य माधव थापा, लुम्बिनी प्रदेशसभा सदस्य तथा पूर्वमन्त्रीहरू वीरबहादुर राना र खेम सारु, पूर्वमन्त्री सोमप्रसाद पाण्डे, पूर्वप्रतिनिधिसभा सदस्यहरू ठाकुर गैरे र नारायण आचार्य, संविधानसभा सदस्य नारायणी शर्मा, पूर्वलुम्बिनी प्रदेशसभा सदस्य तथा अस्पताल विकास समितिका पूर्वअध्यक्ष डा. पुरनमान बज्राचार्यको उपस्थिति रहेको थियो ।

-बाँकी अन्तिम पेजमा...

**संक्षिप्त समाचार**

### एकै परिवारका चार सदस्य मृत फेला

**काठमाडौं,** भदौ ७/बङ्गलादेशको रंगपुरमा एकै परिवारका चार सदस्य आफ्नै घरमा संदिग्ध अवस्थामा मृत फेला परेका छन् । मृतकमा ६५ वर्षीय सेवा निवृत्त शिक्षक गणपति चक्रवर्ती, उनकी ५० वर्षीया पत्नी प्रीतिलता, २३ वर्षीया छोरी अगामी र १२ वर्षीय छोरा प्रियम छन् । शनिबार राति रंगपुरको दशपाडा क्षेत्रमा रहेको घरको ताला तोडेर प्रहरीले चारै जनाको शव फेला पारेको हो । परिवारका सदस्यसँग बिहीबारदेखि सम्पर्क हुन नसकेपछि आफन्तहरू घर पुगेका थिए । प्रहरीका अनुसार आमा र छोरीको शव सिंढी नजिक, गणपति चक्रवर्तीको शव छतमा र १२ वर्षीय प्रियमको शव पलङमुनि फेला परेको थियो । घटनाको कारण, मृत्युको समय र परिस्थितिबारे अहिलेसम्म स्पष्ट जानकारी प्राप्त भएको छैन । रंगपुर महानगरीय प्रहरीसँगै क्रिमिनल इन्भेस्टिगेसन डिपार्टमेन्ट (सीआईडी) र डिटेक्टिभ ब्रान्च (डीबी) ले घटनाको अनुसन्धान गरिरहेका छन् । आफन्तहरूले मृतक गणपति चक्रवर्तीको कसैसँग दुस्मनी नरहेको बताएका छन् । प्रहरीले भने अनुसन्धान अघि बढेपछि मात्रै चारै जनाको मृत्युको वास्तविक कारण र घटनामा को जिम्मेवार छ भन्ने खुल्ने जनाएको छ । *-एजेन्सी*

### विद्युतीय गाडीको ठक्करबाट आमा–छोरीको मृत्यु



**रुकुम पश्चिम,** भदौ ७/ सानीभेरी गाउँपालिका–८ एकान्तस्थित मध्यपहाडी लोकमार्गमा विद्युतीय गाडीको ठक्करबाट आमा–छोरीको मृत्यु भएको छ ।

सिम्लीबाट चौरजहारीतर्फ गइरहेको विद्युतीय सवारीसाधनले मुसिकोट खलङ्गाबाट सुर्खेतर्फ गइरहेको गाडीलाई आज बिहान ठक्कर दिँदा त्यसमा सवार गुल्मीको रुरु क्षेत्र गाउँपालिका–४ बलेटक्सारकी २६ वर्षीया स्वस्तिका पौडेल र उनकी दुई वर्षीया छोरी सान्दिका ज्ञवालीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी भविन्द्र परियारले जानकारी दिए । दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूलाई सल्लेस्थित जिल्ला अस्पताल पुर्याइएकामा चिकित्सकले मृत घोषणा गरेका थिए । ठक्कर दिने विद्युतीय गाडी र त्यसका चालक प्रहरी नियन्त्रणमा छन् । *-रासस*

### अर्घाखाँचीमा वन्यजन्तु सिकारका लागि लाइसेन्स खुला

**अर्घाखाँची,** भदौ ७/ कानुनबमोजिम वन्यजन्तुको सिकार गर्न चाहने नागरिकका लागि लाइसेन्स (अनुज्ञापत्र) लिन आवेदन खुला गरिएको छ । डिभिजन वन कार्यालयले सार्वजनिक सूचना जारी गर्दै सिकार गर्न इच्छुक नागरिकलाई आवश्यक कागजातसहित आवेदन दिन आह्वान गरेको हो ।




राते मृग, चित्तल र बँदेलको सिकारका लागि तोकिएको कानुनी प्रक्रिया पूरा गरी जिल्ला सिकार अनुज्ञापत्र लिन सकिने डिभिजन वन कार्यालयका सूचना अधिकारी केशव खड्काले बताए । यसका लागि इच्छुक नेपाली नागरिकले यही भदौ १० गतेभित्र जिल्लास्थित डिभिजन वन कार्यालयमा आवेदन पेस गर्नुपर्नेछ । वन्यजन्तुबाट हुने तथा भइसकेको कृषि बाली र मानवीय क्षतिलाई न्यूनीकरण गर्ने उद्देश्यसहित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० तथा प्रचलित कानुनमा तोकिएको व्यवस्थाअनुसार सिकार अनुज्ञापत्र उपलब्ध गराइने कार्यालयले जनाएको छ । कार्यालयले जारी गरेको सूचनामा सिकार गर्न चाहने व्यक्तिले निर्धारित ढाँचामा निवेदन दिनुपर्ने जनाइएको छ ।

निवेदनसँगै नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, लाइसेन्स प्राप्त हतियारको प्रमाणपत्र तथा प्रचलित कानुनले तोकेका अन्य आवश्यक कागजात पेस गर्नुपर्ने छ । वन्यजन्तु संरक्षणका दृष्टिले संवेदनशील मानिने सिकार गतिविधिलाई व्यवस्थित र नियमन गर्न सरकारले कानुनी रूपमा अनुज्ञापत्रको व्यवस्था गरेको वन कार्यालयका सूचना अधिकारी खड्काले बताए । अनुमतिप्राप्त नगरी वन्यजन्तुको सिकार गर्नु गैरकानुनी मानिने भएकाले सिकारमा रुचि राख्ने व्यक्तिले सम्बन्धित निकायबाट आवश्यक अनुमति लिएरमात्रै गतिविधि सञ्चालन गर्नुपर्ने उनको भनाइ छ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## संसद्प्रति प्रधानमन्त्रीको जवाफदेहिता

**संसदीय परम्परा नै छ– प्रधानमन्त्रीले संसद्मा उपस्थित भएर सांसदका प्रश्नको जवाफ दिनु, सरकारका नीति तथा कार्यक्रम प्रस्तुत गर्नु, राष्ट्रिय महत्वका विषयमा स्पष्ट धारणा राख्नु र सरकारका निर्णयबारे जानकारी गराउनु । नियममा यो बाध्यकारी व्यवस्था नभए पनि संसदीय अभ्यास र परम्परा यही हो । संसद् भनेको लोकतन्त्रको अभ्यास गर्ने उच्चतम थलो हो । जहाँ जनताका आवाज, नीति निर्माण र सरकारको जवाफदेहिता सुनिश्चित गरिन्छ । संसद्मा सांसदले उठाउने प्रश्न र सरकारले दिने जवाफ जनताप्रति समर्पित हुन्छन् । त्यसैको जगमा संसद्को गरिमा, आस्था र विश्वास अडेको हुन्छ । तर, त्यही संसद्को झन्डै दुईतिहाइ सांसदको विश्वासको मतमा प्रधानमन्त्री बनेका बालेन्द्र शाहले भने संसद् र जनताप्रति उत्तरदायी र जवाफदेही बन्नुभन्दा संसद्लाई छलेर अघि बढिरहेका छन् । तर, संसदीय प्रणाली र लोकतन्त्रमा संसद्को गरिमा र प्रतिष्ठालाई कुल्चने, जनताका प्रश्नसँग पन्छिने र संस्थाको मर्यादालाई ख्याल नगर्ने कुरा कदापी स्वीकार्य हुन सक्दैन ।**

**प्रधानमन्त्री कार्यकारी सरकारको नेतृत्व गर्ने व्यक्ति भएकाले उनका निर्णय र सरकारका नीतिहरू प्रत्यक्ष रूपमा जनजीवनसँग जोडिएका हुन्छन् । तर कार्यकारी शक्तिको प्रयोग निरंकुश नहोस् भन्नका लागि संसद्को प्रभावकारी निगरानी आवश्यक हुन्छ । प्रधानमन्त्री तथा मन्त्रीहरू संसद्मा उपस्थित नहुने, प्रश्नको स्पष्ट जवाफ नदिने वा आलोचनालाई राजनीतिक आरोपका रूपमा मात्र लिने प्रवृत्तिले संसदीय लोकतन्त्रको गरिमा कमजोर बनाउँछ । संसद्मा बहुमत हुनु सरकारलाई प्रश्नभन्दा माथि उठ्ने अधिकार होइन, बरु जनताप्रति थप जिम्मेवार बन्ने दायित्व हो । संसद्प्रति प्रधानमन्त्रीको जवाफदेहिता केवल संवैधानिक वा कानुनी बाध्यता मात्र होइन, राजनीतिक नैतिकताको विषय पनि हो । सरकारका निर्णय गलत भए संसद्ले प्रश्न गर्न पाउनुपर्छ, नीति असफल भए त्यसको समीक्षा हुनुपर्छ र जनताका गुनासा संसद्मार्फत प्रधानमन्त्रीसम्म पुग्नुपर्छ । प्रधानमन्त्रीले संसद्को आलोचनालाई लोकतान्त्रिक प्रक्रियाको स्वाभाविक हिस्सा मानेर तथ्य र तर्कका आधारमा जवाफ दिन सक्नुपर्छ । संसद्को नेता स्वयम् प्रधानमन्त्री हुन्, संविधानतः उनीलगायत मन्त्रिपरिषद्का सबै सदस्य संसद्प्रति उत्तरदायी हुनुपर्छ । जब प्रधानमन्त्रीले नै संसद्लाई बेवास्ता गर्छन्, त्यसपछि मन्त्री र सांसद्ले जिम्मेवारी बुझ्ने अपेक्षा गर्नु व्यर्थ हुन्छ ।**

### Opinion @ Social Network

"जिन्दगीले एउटा कुरा सिकायो,
आफ्नो खुसी अरूको व्यवहारमा निर्भर नगर।"

*(शोभा चौधरीको फेसबुक स्टाटसबाट www.facebook.com/Shova.Chaudhari)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सामाजिक सञ्जालमा चरित्रको परीक्षा



## तोमनाथ उप्रेती

नेपालमा सामाजिक सञ्जाल अब केवल मनोरञ्जन, सूचना आदानप्रदान वा व्यक्तिगत अभिव्यक्तिको माध्यम मात्र रहेनह यो सामाजिक चेतना निर्माण, राजनीतिक बहस, सार्वजनिक दबाब, व्यवसाय प्रवर्द्धन र नागरिक सहभागिताको महत्वपूर्ण मञ्च बनेको छ । फेसबुक, युट्युब, टिकटक, इन्स्टाग्राम, एक्सलगायतका माध्यमले सामान्य नागरिकलाई समेत सार्वजनिक बहसमा सहभागी हुने अभूतपूर्व अवसर दिएका छन् । तर अभिव्यक्तिको यो विस्तारसँगै सामाजिक सञ्जाल नेपाली समाजको नैतिक चरित्र परीक्षण गर्ने नयाँ ऐना पनि बन्दै गएको छ । नेपालको वर्तमान डिजिटल परिवेशमा सूचना अत्यन्त तीव्र गतिमा फैलिन्छ । कुनै घटना घटेको केही मिनेटमै त्यससम्बन्धी तस्बिर, भिडियो, प्रतिक्रिया र टिप्पणी व्यापक रूपमा प्रसारित हुनसक्छ । सकारात्मक रूपमा प्रयोग हुँदा यही शक्ति भ्रष्टाचार, अन्याय, सार्वजनिक बेथिति र सामाजिक विभेदविरुद्ध नागरिक आवाज सशक्त बनाउने माध्यम बन्न सक्छ । तर तथ्य परीक्षण नगरी सूचना सेयर गर्ने, अफवाह फैलाउने, व्यक्तिगत चरित्रहत्या गर्ने, अश्लील तथा अपमानजनक टिप्पणी गर्ने र राजनीतिक वा सामाजिक ध्रुवीकरण बढाउने प्रवृत्तिले सामाजिक सञ्जालको नैतिक पक्षमा गम्भीर प्रश्न उठाएको छ । विशेषतः सार्वजनिक व्यक्तित्व, राजनीतिक नेतृत्व र सामाजिक घटनासँग सम्बन्धित विषयमा तथ्यभन्दा उत्तेजना हाबी हुने प्रवृत्ति देखिनु चिन्ताजनक छ । भाइरल हुने चाहनाले सत्यता, सन्दर्भ र मानवीय संवेदनशीलतालाई पछाडि पार्दा डिजिटल स्वतन्त्रता नै डिजिटल अराजकतामा रूपान्तरण हुन सक्छ । त्यस्तै, साइबर बुलिङ, गोपनीयताको उल्लैन, नक्कली खाता, डीपफेक तथा घृणात्मक अभिव्यक्तिले व्यक्तिगत प्रतिष्ठा र सामाजिक विश्वासलाई कमजोर बनाउन सक्छ । यस परिस्थितिमा सामाजिक सञ्जाल प्रयोगकर्ताको चरित्रको परीक्षा उसको कति फलोअर छन् भन्ने कुराले होइन, उसले कति जिम्मेवारीपूर्वक आफ्नो डिजिटल शक्ति प्रयोग गर्छ भन्ने कुराले निर्धारण गर्छ । पोस्ट गर्नुअघि सत्य जाँच्नु, असहमत हुँदा पनि मर्यादित भाषा प्रयोग गर्नु, अरूको गोपनीयता र प्रतिष्ठाको सम्मान गर्नु तथा गलत सूचना नफैलाउनु आजको नेपाली समाजमा डिजिटल नैतिकताको आधारभूत आवश्यकता हो। सामाजिक सञ्जाललाई सभ्य, तथ्यपरक र उत्तरदायी सार्वजनिक मञ्च बनाउने जिम्मेवारी सरकारको मात्र होइन, प्रत्येक प्रयोगकर्ताको पनि हो । सामाजिक सञ्जाल आधुनिक समाजको सञ्चार, अभिव्यक्ति र सामाजिक अन्तर्क्रियाको अपरिहार्य माध्यम बनेको छ । फेसबुक, एक्स, युट्युब, टिकटक, इन्स्टाग्रामलगायतका डिजिटल प्लेटफर्मले व्यक्तिलाई सूचना प्राप्त गर्ने, विचार अभिव्यक्त गर्ने, ज्ञान बाँड्ने, सार्वजनिक बहसमा सहभागी हुने र सामाजिक सम्बन्ध विस्तार गर्ने अभूतपूर्व अवसर दिएका छन् । पहिले सञ्चारका साधनमा सीमित व्यक्तिको आवाज आज केही सेकेन्डमै लाखौं मानिससम्म पुग्न सक्छ । यस अर्थमा सामाजिक सञ्जालले अभिव्यक्ति स्वतन्त्रताको लोकतान्त्रीकरण गरेको छ । तर अभिव्यक्तिको शक्ति बढेसँगै त्यसको जिम्मेवारी पनि बढेको छ । सामाजिक सञ्जालमा एउटा असत्य सूचना, अपमानजनक टिप्पणी, चरित्रहत्या गर्ने सामग्री वा घृणात्मक अभिव्यक्तिले व्यक्तिको प्रतिष्ठा, सामाजिक सम्बन्ध र मानसिक सुरक्षामा गम्भीर असर पार्न सक्छ । त्यसैले सामाजिक सञ्जालको स्वस्थ प्रयोगका लागि कानुनी व्यवस्थासँगै प्रयोगकर्ताको नैतिक अनुशासन अत्यन्त आवश्यक हुन्छ । डिजिटल संसारमा कानुनले सबै व्यवहार नियन्त्रण गर्न सक्दैनह त्यहाँ आत्मसंयम, विवेक, उत्तरदायित्व र मानवीय संवेदनशीलताको भूमिका निर्णायक हुन्छ । दार्शनिक इमानुएल कान्टको नैतिक दर्शनले मानिसलाई कहिल्यै उद्देश्यका रूपमा व्यवहार गर्नुपर्ने मान्यता अघि सार्छ । सामाजिक सञ्जालमा यसको अर्थ स्पष्ट छ,अन्य व्यक्तिलाई आफ्नो लोकप्रियता, मनोरञ्जन, राजनीतिक लाभ वा आर्थिक स्वार्थका लागि प्रयोग गर्नु हुँदैन । डिजिटल माध्यममा पनि प्रत्येक व्यक्तिको गरिमा, गोपनीयता र अधिकारको सम्मान हुनुपर्छ । सामाजिक सञ्जाल प्रयोगकर्ताको पहिलो नैतिक दायित्व सत्यप्रति प्रतिबद्ध हुनु हो । सूचना छिटो फैलाउने प्रतिस्पर्धामा कतिपय प्रयोगकर्ताले सामग्रीको सत्यता परीक्षण नगरी सेयर गर्ने प्रवृत्ति देखिन्छ । पहिले पोस्ट गर्ने मानसिकताले पहिले सत्य जाँच्ने संस्कारलाई विस्थापित गर्नु हुँदैन । झुटो सूचना, आधा सत्य, भ्रामक शीर्षक, पुरानो घटनालाई नयाँ घटनाका रूपमा प्रस्तुत गर्ने प्रवृत्ति र कृत्रिम रूपमा सम्पादन गरिएका तस्बिर तथा भिडियोले सार्वजनिक धारणा प्रभावित गर्न सक्छन् । त्यसैले कुनै संवेदनशील सामग्री पोस्ट वा सेयर गर्नुअघि स्रोत, मिति, सन्दर्भ र तथ्य जाँच गर्नु नैतिक कर्तव्य हो । कार्ल पपरले खुला समाजमा आलोचनात्मक परीक्षण र तर्कको महत्त्वमा जोड दिएका थिए । यही दृष्टिले डिजिटल नागरिकले आफूले विश्वास गरेको सूचनालाई समेत प्रश्न गर्न सक्नुपर्छ । मलाई मन परेको सूचना र सत्य सूचना एउटै कुरा होइनन् । लोकतन्त्रमा अभिव्यक्ति स्वतन्त्रता आधारभूत अधिकार हो । सामाजिक सञ्जालले यो अधिकारलाई व्यापक बनाएको छ । तर स्वतन्त्रता निरपेक्ष अधिकार होइन । आफ्नो विचार व्यक्त गर्ने अधिकारसँगै अरूको सम्मान, प्रतिष्ठा र अधिकारको संरक्षण गर्ने जिम्मेवारी पनि जोडिएको हुन्छ । आलोचना र अपमान, असहमति र घृणा, व्यङ्ग्य र चरित्रहत्या तथा प्रश्न र दुर्व्यवहारबीच स्पष्ट अन्तर हुन्छ । कुनै व्यक्ति, संस्था वा राजनीतिक विचारसँग असहमत हुनु लोकतान्त्रिक अधिकार होह तर असहमतिका नाममा जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय वा व्यक्तिगत घृणा फैलाउनु नैतिक रूपमा स्वीकार्य हुन सक्दैन । जोन स्टुअर्ट मिलले स्वतन्त्र विचारको महत्त्वलाई बलियोसँग समर्थन गरे पनि सामाजिक जीवनमा अरूलाई हानि नपुऱ्याउने सिद्धान्तलाई महत्त्व दिएका थिए । सामाजिक सञ्जालमा पनि यही 'हानि नगर्ने' नैतिक सीमारेखा आवश्यक छ । डिजिटल युगमा व्यक्तिगत गोपनीयता अत्यन्त संवेदनशील विषय बनेको छ । कसैको फोटो, भिडियो, फोन नम्बर, निजी कुराकानी, पारिवारिक विवरण वा व्यक्तिगत दस्तावेज अनुमति नलिई सार्वजनिक गर्नु गम्भीर नैतिक उल्लैन हो। सार्वजनिक स्थानमा खिचिएको फोटो भएकाले पोस्ट गर्न पाइन्छ भन्ने तर्क सधैं उचित हुँदैन । डिजिटल सामग्री एकपटक सार्वजनिक भएपछि त्यसको नियन्त्रण गुम्न सक्छ । त्यसैले अरूको निजी जीवनलाई सामग्री वा मनोरञ्जनको स्रोतका रूपमा प्रयोग गर्नु हुँदैन । विशेषतः बालबालिका, पीडित व्यक्ति, दुर्घटनामा परेका मानिस, यौन हिंसाका पीडित तथा संवेदनशील अवस्थाका व्यक्तिको तस्बिर वा पहिचान सार्वजनिक गर्दा उच्च स्तरको नैतिक सावधानी आवश्यक हुन्छ । सामाजिक सञ्जालमा भाषा व्यक्तित्वको दर्पण हो । असभ्य शब्द, गाली, व्यङ्ग्यात्मक अपमान, व्यक्तिगत आक्रमण र ट्रोलिङले संवादको संस्कृति कमजोर बनाउँछन् । मतभिन्नता भए पनि सभ्य भाषामा तर्क प्रस्तुत गर्नु डिजिटल नागरिकताको आधार हो । सामाजिक सञ्जालमा लेखिएको शब्द क्षणिक देखिए पनि त्यसको डिजिटल अभिलेख दीर्घकालसम्म रहन सक्छ । त्यसैले 'पोस्ट गर्नुअघि सोच' भन्ने सिद्धान्त अत्यन्त उपयोगी हुन्छ । आफूले आमनेसामने भन्न नसक्ने कुरा केवल स्क्रिनको पछाडि बसेर भन्नु नैतिक साहस होइन । सामाजिक सञ्जालमा साइबर बुलिङ, ट्रोलिङ र घृणात्मक अभिव्यक्ति गम्भीर सामाजिक समस्या बन्दै गएका छन् । विशेषतः किशोरकिशोरी, महिला, सार्वजनिक व्यक्तित्व तथा कमजोर सामाजिक समूहहरू अनलाइन दुर्व्यवहारको जोखिममा हुन्छन् । त्यसैले प्रयोगकर्ताले आफैं दुर्व्यवहार नगर्ने मात्र होइन, अरूले गरिरहेको दुर्व्यवहारलाई प्रोत्साहन वा सामान्यीकरण पनि गर्नु हुँदैन । लाइक, सेयर र कमेन्ट पनि नैतिक व्यवहारकै हिस्सा हुन् । हिंसात्मक वा अपमानजनक सामग्रीलाई समर्थन गर्ने डिजिटल सहभागिताले त्यसलाई थप फैलाउन मद्दत गर्छ । सामाजिक सञ्जालमा अरूको लेख, कविता, फोटो, अनुसन्धान, भिडियो वा सिर्जनालाई आफ्नो नाममा प्रस्तुत गर्नु बौद्धिक बेइमानी हो । सामग्री प्रयोग गर्दा मूल सर्जक वा स्रोतलाई उचित श्रेय दिनुपर्छ । शैक्षिक र सिर्जनात्मक संस्कृतिको विकासका लागि डिजिटल प्लेटफर्ममा स्रोत उल्लेख गर्ने बानी आवश्यक छ । इन्टरनेटमा भेटियो भन्दै कुनै पनि सामग्री स्वतः सार्वजनिक सम्पत्ति हुँदैन । बौद्धिक सम्पत्तिको सम्मान ज्ञानमा आधारित समाजको आधारभूत नैतिक मूल्य हो । सामाजिक सञ्जाल राजनीतिक बहसको महत्वपूर्ण माध्यम बनेको छ । यसले नागरिकलाई सरकार, राजनीतिक दल र सार्वजनिक संस्थामाथि प्रश्न उठाउने अवसर दिएको छ । तर राजनीतिक सामग्रीमा झुटा सूचना, भ्रामक तथ्य, उत्तेजक भाषण र व्यक्तिगत चरित्रहत्या प्रयोग गरिएमा लोकतान्त्रिक संवाद कमजोर हुन्छ । राजनीतिक विचार फरक हुनु स्वाभाविक हो । तर विपक्षी विचार राख्ने व्यक्तिलाई शत्रुका रूपमा चित्रण गर्ने प्रवृत्तिले समाजमा ध्रुवीकरण बढाउँछ । लोकतन्त्रमा असहमति समस्या होइन, असहमति व्यक्त गर्ने असहिष्णु संस्कृति समस्या हो । त्यसैले राजनीतिक पोस्टमा तथ्य, तर्क र प्रमाणलाई प्राथमिकता दिइनुपर्छ । भावनात्मक उत्तेजना फैलाउने सामग्रीभन्दा विवेकपूर्ण संवाद लोकतन्त्रका लागि बढी उपयोगी हुन्छ । कृत्रिम बुद्धिमत्ता र डीपफेक प्रविधिको विकासले सामाजिक सञ्जालमा नयाँ नैतिक चुनौती थपेको छ । कसैको अनुहार वा आवाज प्रयोग गरेर वास्तविकजस्तो देखिने झुटो सामग्री तयार गर्न सकिन्छ । यस्तो प्रविधिको दुरुपयोगले व्यक्तिको प्रतिष्ठा, निर्वाचन, सार्वजनिक विश्वास र सामाजिक स्थिरतामा असर पार्न सक्छ । यस कारण प्रयोगकर्ताले पोस्ट गर्नुअघि तीन प्रश्न सोध्नु उपयोगी हुन्छ,के यो सत्य हो ? के यो आवश्यक छ ? के यसले कसैलाई अनावश्यक हानि पुऱ्याउँछ ? यी प्रश्नले डिजिटल आत्मनियन्त्रण विकास गर्न सहयोग गर्छन् । सामाजिक सञ्जालको नैतिक आचारसंहिता जिम्मेवार डिजिटल नागरिक निर्माण गर्ने आधार हो । डिजिटल नागरिकले सूचना ग्रहण गर्दा आलोचनात्मक सोच अपनाउँछ, अरूको अधिकार सम्मान गर्छ, असहमतिलाई स्वीकार गर्छ, तथ्य जाँच्छ, गोपनीयताको रक्षा गर्छ र सामाजिक हितलाई व्यक्तिगत लोकप्रियताभन्दा माथि राख्छ । ग्याब्रियल आल्मन्ड र सिड्नी भर्बाले राजनीतिक संस्कृतिको अध्ययनमा नागरिकको मूल्य, दृष्टिकोण र सहभागिताले राजनीतिक प्रणालीको स्वरूप निर्धारण गर्ने बताएका छन् । यही अवधारणा डिजिटल क्षेत्रमा पनि लागू हुन्छ । नागरिकको राजनीतिक संस्कृति जस्तै डिजिटल संस्कृति पनि लोकतन्त्रको गुणस्तर निर्धारण गर्ने महत्वपूर्ण आधार हो । असल डिजिटल नागरिक हुनु भनेको आफूले लेखेको, हेरेको, लाइक गरेको, कमेन्ट गरेको र सेयर गरेको प्रत्येक सामग्रीको सामाजिक परिणामबारे सोच्नु हो । लोकतन्त्रको वास्तविक जिम्मेवार अभिव्यक्तिमा निहित हुन्छ । सामाजिक सञ्जाललाई सभ्य, समावेशी र ज्ञानमा आधारित सार्वजनिक मञ्च बनाउन प्रविधिभन्दा पहिले नैतिक चेतनाको विकास आवश्यक छ ।

***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : जिम्मेवारीमा अग्रसरता देखाउनुहुनेछ। शरीरमा आलस्य भए आराम गर्नुहोस्।

**वृष** : अनावश्यक खर्चबाट जोगिनुहोस्। काममा पर्दापछाडिको प्रयासले फल दिनेछ।

**मिथुन** : नयाँ परिचय भविष्यमा उपयोगी बन्न सक्छ। कार्यक्षेत्रमा सहकार्य बढ्नेछ।

**कर्कट** : आर्थिक रूपमा राहत मिल्न सक्छ। घरमा जिम्मेवारी बाँड्दा सहज हुनेछ।

**सिंह** : आफ्नो प्रतिभा बाहिर ल्याउने अवसर मिल्नेछ। मनमा उत्साह थपिनेछ।

**कन्या** : काममा व्यवहारिक ज्ञान काम लाग्नेछ। स्वास्थ्यमा पेटको ख्याल गर्नुहोस्।

**तुला**: व्यवसायमा बाहिरी सम्बन्ध विस्तार हुनेछ। व्यक्तिगत रूपमा उत्साह बढ्नेछ।

**वृश्चिक** : पढाइ वा तालिममा नयाँ दिशा भेटिन सक्छ। परिवारको विश्वास पाइनेछ।

**धनु** : नयाँ निर्णय लिन मन तयार हुनेछ। यात्रासम्बन्धी योजना बन्न सक्छ।

**मकर** : खर्चको नयाँ कारण आउन सक्छ। परिवारमा भावना खुलाउन सकिनेछ।

**कुम्भ**: सामाजिक काममा सहभागिता बढ्नेछ। स्वास्थ्यमा हिँडडुल उपयोगी हुनेछ।

**मीन** : आर्थिक लक्ष्यप्रति गम्भीर बन्नुहुनेछ। जीवनमा भविष्यप्रति भरोसा जाग्नेछ।




# सक्नेलाई पन्छाएर नसक्नेलाई जिम्मेवारी दियौं, त्यसैले तदर्थवादमा छ विश्वविद्यालय



विश्वविद्यालय स्थापनाको उद्देश्य र प्रस्तावनामै- राष्ट्रिय विकासमा दक्ष जनशक्ति आपूर्तिलाई सुनिश्चित तुल्याउन उल्लेख छ । प्रतिस्पर्धाका आधारमा गुणस्तर अभिवृद्धि गर्दै प्राज्ञिक वातावरण मर्यादित र उपलब्धिमूलक बनाई उच्च शिक्षा प्रवाहको आदर्श स्थापित गराउने विषय पनि प्रस्तावनामा छ । तर विश्वविद्यालयहरूको स्वायत्तता दिनप्रतिदिन खुम्चिँदै गएको छ । स्वायत्तताको आधारशीला निर्माण हुनै सकेन । स्वायत्त निकायका उपकुलपति झुटो नायक बन्ने अवस्थामा पुग्न लागे । विश्वविद्यालयलाई प्राज्ञिक, प्रशासनिक र व्यवस्थापनका हिसाबले समुन्नत बनाउँदै लैजाने र योगदानका आधारमा विश्वविद्यालयले आफ्नो परिचय दिने हो । विश्वविद्यालय मानव सभ्यताले निर्माण गरेको महत्वपूर्ण संस्थागत उपलब्धि पनि हो । ज्ञानको सिर्जना, अनुसन्धान, सांस्कृतिक सम्पदाको संरक्षण, सामाजिक रूपान्तरण र सक्षम नेतृत्व विकासको माध्यम नै विश्वविद्यालय हो । विश्वविद्यालयका कुलपतिले उपकुलपति लगायत पदाधिकारीलाई अध्यादेशमार्फत हठात् हटाएर उच्च शिक्षाको थलो खाली बनाउने काम गरे । केही समय विश्वविद्यालय सुनसान अवस्थामा पुगे । उपकुलपति छनौट निष्पक्ष रूपमा गरिन्छ जसरी हौवा फिजाएर विज्ञापन गरियो । उपकुलपतिहरू लेखन, प्रकाशन, अनुसन्धान, विज्ञता र अनुभवका आधारमा भनेर छानिएको जस्तो गरियो तर त्यो भएन । छानिएका उपकुलपति बेकम्मा साबित बन्न पुगे । नियुक्त भएको करिब दुई महिनासम्म कुनै काम गरेको देखिँदैन । रजिस्ट्रार, डीनहरू, परीक्षा नियन्त्रकहरुले कामचलाउ भएर तीन महिना बिताए । नियुक्ति भएको छोटो समयमै अनुभवी भनिएकाहरू काम गर्न नसकेर भाग्ने अवस्थामा छन् । अर्कोतर्फ उपकुलपतिहरू विभिन्न विश्वविद्यालयका प्राध्यापक भएरै आएका हुन् । उनीहरूले कुनै कामको थालनी नै गरेका छैनन् । विश्वविद्यालय गयो, भित्र बाहिरको नेम प्लेट मात्रले काम सम्पन्न हुँदैन । असार मसान्तभित्र भइसक्नुपर्ने विश्वविद्यालय सभा कहिले हुने कुनै टुङ्गो छैन । आयो कार्यालयमा हाजिर गर्‍यो, काम देखायो, गाडी चढ्यो निस्कियो जस्तो मात्रै देखिएको छ । यही हो, विश्वविद्यालयको प्राज्ञिक स्वायत्तता ? उपकुलपतिको सल्लाहकार भनेकै कार्यकारिणी सभा हो, त्यसको गुन्जायसै छैन । प्राज्ञिक परिषद् गठन गरिएको छैन । कहिले नियुक्त हुने ? उपकुलपतिको कार्यक्षेत्रको विषय हो तर उहाँहरू कसको निर्देशन कुरिरहनु भएको छ ? आफूलाई विधान र नियमावलीले दिएको अधिकार किन प्रयोग भएको छैन ? के साँच्चिकै उपकुलपति, कुलपति र सहकुलपतिले निर्बाध विश्वविद्यालय हाँक्नुपर्छ, हाँक्न पाउनु पर्छ । नियमावलीले त्यही भन्छ । अर्कोतिर विज्ञ प्राध्यापकलगायत ख्यातिप्राप्त विद्वानले विश्वविद्यालय पदाधिकारीले पुनर्ताजगी तालिम दिने विश्वको परम्परा छ । यहाँ त मन्त्रालयमा उपकुलपति बोलायो, विश्वविद्यालय अनुदान आयोगको एक कर्मचारी, योजना आयोगबाट आएको कोही व्यक्ति र सम्बन्धन प्राप्त कलेजको सामान्य शिक्षकले विश्वविद्यालयका उपकुलपतिलाई तालिम दिने कहाँको प्रचलन हो ? उपकुलपति भनेको विशिष्ट प्राज्ञिक पदमा रहेको व्यक्ति हो तर तालिमको नाममा उपकुलपतिलाई बोलायो, कसले तालिम दिने, मेरो हैसियत के हो समेत नबुझी लुरुलुरु आउने उपकुलपतिहरू के साँच्चिकै निरीह हुन् ? कि उनीहरूलाई म कुन हैसियतको मानिस हुँ भन्ने ज्ञान समेत छैन ? त्यो भिडमा नवनियुक्त उपकुलपतिहरू उपस्थित भएर प्राज्ञिक लज्जाबोध गराएका छन् । आफ्नो हैसियतलाई आफैँले खुम्च्याएका छन् । तालिम दिने व्यक्तिको उच्च शिक्षा सम्बन्धमा योग्यता, अनुभव र प्रकाशित कृति के कति छन्, के त्यो हेरिएको छ ? तालिम, प्रस्तुतीकरण र तालिम सँग-सँगै हुन सक्दैन । यसले उपकुलपतिहरूको हैसियत र विश्वविद्यालयको स्वायत्ततामाथि गम्भीर प्रश्न जन्माएको छ । शिक्षामन्त्रीले उपकुलपतिहरूलाई तालिम दिएको र शपथ खुवाएको कहीं देखिएको छैन । उपकुलपतिहरूको शपथ कुलपतिले खुवाउने विश्वको चलन हो । अदृश्य नाटक साउन २२ र २३ सम्पन्न भयो । हाम्रा उच्च शिक्षाका निकायहरू कता जाँदै छन् ? प्राज्ञिक स्वायत्ततप्रति सरकारको शत्रुतापूर्ण हस्तक्षेपले विश्वविद्यालय नराम्रोसँग प्रभावित भएका छन् । प्राज्ञिक उत्कृष्टता र आदर्शको पतनको कारण बनेको छ । प्राज्ञिक विशिष्टता हराएको छ । अनुसन्धान विश्वविद्यालयको प्राण हो । यसको प्रयोगविना विश्वविद्यालय निर्जीव हुन्छ । नेपालको जेठो त्रिभुवन विश्वविद्यालयमा सिनास, रिकास्ट, सेडा र सेरिड गरी चारवटा अनुसन्धान केन्द्र छन् । यी अनुसन्धान केन्द्र उठ्नै नसक्ने गरी थला परेका छन् । अनुसन्धान केन्द्र स्रोत र साधन नहुँदा जिम्मेवार निकायबाट पहल नभइदिँदा विश्वविद्यालय कमजोर बन्दै गयो । आर्थिक स्रोतको चरम अभावले अनुसन्धानमा खट्ने प्राध्यापक र अन्य जनशक्ति नहुँदा सम्पूर्ण पूर्वाधार खण्डहर बनेका छन् । विश्वको प्राज्ञिक इतिहास हेर्दा औद्योगिक क्रान्तिपछि युरोपका विश्वविद्यालय उच्च शिक्षाको अध्ययन अध्यापन तथा अनुसन्धान एवं विद्यागत विशिष्ठताको क्रमसँगै विभिन्न विधाका विभागहरू स्थापना भएको र अन्तरविधागत अनुसन्धानलाई प्राज्ञिक क्षेत्रमा स्थापित गराएको पाइन्छ । हामीकहाँ बहुविधागत सिकाइको आयतन बढाउन नसकी एकल विधामा खुम्चनुपरेको र एकांकी शैक्षिक प्रणालीले गर्दा अरू विधाको ज्ञान नहुने र पाठ्यक्रमको बनोट अन्तरविधागत अनुसन्धानहरू रोकिने, उसको डिग्रीले अन्तर्राष्ट्रिय मान्यता पाउन नसक्ने र अन्तरविधागत अनुसन्धान र सहकार्यमा बाधा पुगेको हुन्छ । वास्तवमा हाम्रो शिक्षा नीति टालटुले बन्यो । प्रत्येक राष्ट्रले शिक्षाको स्तर उकास्न धेरै लगानी गरेका छन् । भारतमा सन् २०२० मा अर्थमन्त्री निर्मला सियारमणले भारतलाई विश्वको उच्च शिक्षाको उत्कृष्ट गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य लिएपछि विदेशी विद्यार्थीको आकर्षण बढेको छ । 'स्टडी इन इन्डिया' भन्ने मान्यतामा अडिग रहेरै विश्वको शैक्षिक गन्तव्यको रूपमा विस्तार गर्न चार सय करोड रकम राष्ट्रिय बजेटमा समावेश र विनियोजन गरी भारतमा विश्वका विद्यार्थीको आकर्षण बढ्यो । विश्वका ठूला र उत्कृष्ट विश्वविद्यालयले गरेका अनुसन्धान, प्रगति र शैक्षिक तथा प्राज्ञिक उन्नयन र पाइने सकारात्मक वातावरणले हामीलाई छुनुपर्ने हो तर यसो हुन सकेको छैन । विश्वको उत्कृष्ट विश्वविद्यालयको सूचीमा रहेको त्रिवि अहिले लिस्टिङमा समेत नपर्ने अवस्थामा पुगेको छ । के हाम्रा विश्वविद्यालय बेरोजगार उत्पादन गर्ने कारखाना मात्र हुन् ? घरखेत बेचेर विदेशी विश्वविद्यालय धाउने दिनको अन्त्य कहिले हुने हो ? सार्क राष्ट्रहरूमा उत्कृष्ट मानिएको इन्जिनियरिङ अध्ययन संस्थान मुस्किलले चलिरहेको छ । भारतलगायत अन्य सार्क राष्ट्रहरू र अन्य मुलुकबाट विद्यार्थी आउने क्रम रोकिएको भन्दा पनि हुन्छ । मुस्किलले दुई प्रतिशत विदेशी विद्यार्थी आउने गरेकोमा अहिले त्यो पनि घट्ने क्रममा छ । अमेरिकाको हार्डबर्ड विश्वविद्यालयमा कुल विद्यार्थी संख्याको २३ प्रतिशत विदेशी विद्यार्थी अध्ययन गर्छन् । बेलायतको अक्सफोर्ड विश्वविद्यालयमा अध्ययन गर्ने विदेशी विद्यार्थीको चाप बढ्दो छ । ४५ प्रतिशत विदेशी विद्यार्थीले त्यहाँ अध्ययन गर्छन् । तत्कालिन शिक्षामन्त्री डेबिड बैंकेटले शिक्षाको स्तर माथि उठाएपछि विश्व बजारमा यसको महत्व बढ्यो । उनले आफू अध्ययन गरेको कलेजबारे खुलेर प्रशंसा मात्रै गरेनन्, जुन कलेजलाई गुणनायोग्य बनाएका थिए । तर, दु:खद हाम्रा शिक्षामन्त्रीलाई यसले छुन सकेको छैन । नीति निर्माता असल र योग्य भए भने कठोर तानाशाहीमा पनि शिक्षाले आनो दिशा लिन्छ । यदी शिक्षकमा बौद्धिकता, नेतृत्व र श्रेष्ठता छनौटको आधार बनेन भने विद्यार्थीले उच्च शिक्षाको लाभ लिन सक्दैन । लाभ लिने अन्य वर्गलाई पनि बाधा पुग्छ । हामी त सक्नेलाई पन्छाएर नसक्नेलाई जिम्मेवारी दिइरहेका छौं । तदर्थवादमा चलिरहेका छौं । यसैकारणले गर्दा हाम्रो प्राज्ञिक क्षेत्र अप्ठेरो अवस्थाबाट गुज्रिरहेको छ ।*-रातोपाटी डटकम*

# शिक्षा ऐन मस्यौदा तयार गरिँदै




शिक्षा तथा खेलकुद मन्त्रालयले आगामी शिक्षा ऐन निर्माण अघि सातै प्रदेशमा सञ्चालन गरेको शिक्षा संवाद अभियान अन्तर्गत बिहीबार कर्णाली प्रदेशको सुर्खेतमा आयोजना गरेको छ । छलफल कार्यक्रममा करिब २७५ बढी शिक्षक, विद्यालय कर्मचारी, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, संस्थागत विद्यालयका प्याब्सन, एनप्याब्सन, हिसान, अपेनका प्रतिनिधि, जनप्रतिनिधि, स्थानीय सरकारका शिक्षा विभागका प्रमुखहरू, नेपाल शिक्षक महासैका प्रतिनिधि र विभिन्न शिक्षक सै सङ्गठनका प्रतिनिधिहरू लगायतको सहभागिता रहेको थियो । शिक्षाविद् प्रा.डा.विद्यानाथ कोइरालाले अब बन्ने शिक्षा ऐन र नियमावली एकै पटक बनाउन आवश्यक रहेकोले नयाँ विचार सहितका विकल्प पनि शिक्षकले सरकारलाई सुझाव दिनुपर्ने धारणा व्यक्त गरे । शिक्षामन्त्री सस्मित पोखरेलका प्रमुख सल्लाहकार शैलेन्द्र झाले शिक्षामा देखिएका समस्या कसका कारणले आए भन्दा पनि समस्या समाधान कसरी गर्न सकिन्छ भनेर लाग्नु पर्ने बताउँदै शिक्षा ऐन निर्माणका लागी र शिक्षकका समस्या बुझ्नका लागि सातै प्रदेशमा शिक्षा संवाद गरिएको धारणा व्यक्त गरे । शिक्षामा रूपान्तरण गर्नका लागि शिक्षकहरूले समस्या मात्रै देखाएर भन्दा पनि विकल्पसहित सोच्नुपर्ने समय आएकोले शिक्षा मन्त्रालय शिक्षक कर्मचारी सँग साझेदारी गर्न तयार रहेको बताए । विद्यार्थीहरूले सक्षम विद्यार्थी बन्ने व्यवहारिक शिक्षाको व्यवस्था गर्नुपर्ने सुझाव दिए । प्रारम्भिक बालविकासका शिक्षकहरूले शिक्षा मन्त्रालयले ५ हजार भत्ता वृद्धि गरेकोले खुसी व्यक्त गर्दै पारिश्रमिक तथा सेवा सुविधामा प्रावि शिक्षक सरह सैँय सरकारले नै एकद्वार प्रणाली मार्फत उपलब्ध गराउनुपर्ने माग गरेका छन् । साविक उच्च मावि शिक्षकहरूका तर्फबाट गोकुल पाण्डेले राहत अनुदानलाई स्थायी दरबन्दीमा परिवर्तन गर्न, उमेर हद पुगेका शिक्षकहरूलाई खाली हात नपठाउन, ६० वर्ष निरन्तर गरी सामाजिक सुरक्षामा लैजान लगायतका विषयमा सम्बोधन हुनुपर्ने विचार व्यक्त गरे । राहत शिक्षकहरूले लामो समयदेखि शिक्षण सेवामा काम गरेपनि राज्यकै कारण स्थायित्वबाट वञ्चित गरेको उल्लेख गर्दै दुर्गम भत्ताको व्यवस्था गर्न माग गरेका छन् । सेवा गणना र आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गरिनुपर्ने, सामाजिक सुरक्षा कोषमा जान चाहने शिक्षकहरूलाई त्यही अनुसारको व्यवस्था गर्न माग गरेका छन् । विद्यालय कर्मचारीका लागी स्थानीय सरकारमा राख्दा थप समस्या भएको बताउँदै सैँय सरकार अन्तर्गत राख्नुपर्ने, कर्मचारीहरूको विद्यालयमा पहिचान नभएको, सेवा सुविधामा विभेद गरिएको, सरकारसँग भएका सहमति कार्यान्वयन गरिनुपर्ने र शिक्षामा गरिने राजनीतिको अन्त्य गर्न सुझाव दिएका छन् । सैँय शिक्षण सिकाई अनुदानका शिक्षकहरूलाई पेसागत निरन्तरतासँगै उमेर हदसम्म सुनिश्चित गर्नुपर्ने माग गरेका छन् । विद्यालय व्यवस्थापन समिति महासै नेपालले आनुा स्वार्थहरू र माग केही नभएपनि माग भनेको विद्यार्थी भएकोले उनीहरूका सवाल सम्बोधन गर्न आवश्यक रहेको सुझाव दिए । साथै शिक्षक कर्मचारीहरूले राखेका मागमा आफूहरूको पनि सहमति भएको उल्लेख गर्दै विद्यालयमा स्थानीय तहले हेपेकोले विद्यालयको नेतृत्व समुदायको हुनुपर्नेमा जोड दिए । शिक्षा मन्त्रालयका सहसचिव शिव कुमार सापकोटाले सबै सरोकारवालाहरूसँग क्रमश: छलफल गर्दै जाने जानकारी दिँदै शिक्षा क्षेत्रमा देखिएका समस्या समाधानका लागी शिक्षा ऐन ल्याउन छलफल थालिएको बताए । थाती रहेको शिक्षा ऐन तर्जुमा गर्ने अहिलेको सरकारलाई दबाब रहेकोले अबको प्राथमिकता भनेको शिक्षा ऐन जारी गर्ने रहेको उनको भनाइ छ । पछिल्लो एक वर्षमा केही परिवर्तन भएकोले पछिल्लो अवस्था र शिक्षकको भावना तथा आवाज बुझ्नका लागी सातै प्रदेशमा छलफल गरिएको प्रस्ट पारे । सबैका माग सम्बोधन हुने गरी शिक्षा ऐन ल्याउन सरकार लागिरहेकोले अहिले तालिका बद्ध रूपमा शिक्षा ऐनको मस्यौदा तयारी भइरहेको बताए । सबै साझा हितमा लागिरहेकोले यसलाई सकारात्मक रूपमा बुझ्न आवश्यक रहेको उनको भनाइ छ । संस्थागत विद्यालयका तर्फबाट पढ्दै कमाउँदै कार्यक्रम संस्थागत विद्यालयमा पनि सञ्चालन गरिनुपर्ने, वैकल्पिक सिकाई प्रणालीलाई सुनिश्चित गर्न, छात्रवृत्ति सम्बन्धमा क्षेत्रगत र मेरिटका आधारमा ५ ५ प्रतिशतको व्यवस्था हुनुपर्ने लगायतका सुझाव दिएका छन् । नव प्रवेशी शिक्षकहरूले कति वर्ष एकै ठाउँमा बस्नुपर्ने हो त्यसलाई प्रस्ट पारिनुपर्ने, सरुवामा सहजीकरण गरिदिन आग्रह गरे । निजी विद्यालयमा कार्यरत शिक्षकहरूले निजी विद्यालयलाई शिक्षा ऐन मार्फत सञ्चालन गरिनुपर्ने, कार्यरत शिक्षकहरूलाई सामुदायिक विद्यालय सरह सेवा सुविधा उपलब्ध गराइनुपर्ने, बढुवा हुनुपर्ने, नियुक्तिपत्र प्राप्त तथा सामाजिक सुरक्षा कोषमा समावेश गर्न माग गरेका छन् ।

*-सेतोपाटी डटकम*

# चिकित्सा शिक्षाको छात्रवृत्ति सिफारिस झन्झटिलो !




चिकित्सा शिक्षा आयोगले छात्रवृत्ति प्रयोजनका लागि झन्झटिलो सिफारिस प्रक्रिया अपनाएको भन्दै सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूले गुनासो गरेका छन् । आयोगको एकीकृत प्रवेश परीक्षाको नियमअनुसार कक्षा ६ देखि १० सम्म सामुदायिक विद्यालयमा पढेका विद्यार्थीले छात्रवृत्ति दाबी गर्दा कक्षा १० उत्तीर्ण गरेकै विद्यालयका प्रधानाध्यापक र सम्बन्धित स्थानीय तहबाट सम्पूर्ण कक्षाको विवरण प्रमाणित गराउनुपर्ने व्यवस्था छ। तर, दशक अघि कक्षा ६, ७ वा ८ अन्यत्रै पढेका कतिपय विद्यार्थीहरूसँग पुराना लब्धाङ्क पत्र ( मार्कसिट) नहुने र सम्बन्धित विद्यालयहरूमा पनि पूर्वविद्यार्थीको लेजर अभिलेख फेला नपर्ने समस्या छ । स्पष्ट प्रमाणविना अन्य विद्यालयको पढाइलाई आधार मानेर सिफारिस गर्न कानुनी जोखिम हुने भए पनि विद्यार्थी तथा अभिभावकहरूले सिफारिसका लागि प्रधानाध्यापकहरूमाथि चर्को दबाब दिने गरेका छन् । धनगढी उपमहानगरपालिका-५ हसनपुरस्थित पञ्चोदय माध्यमिक विद्यालयका प्रधानाध्यापक हरिश कुमार ओझाका अनुसार विद्यार्थीले जुनसुकै विद्यालयमा जुनजुन कक्षा पढेका हुन्, सोही विद्यालयका प्रधानाध्यापक र सम्बन्धित स्थानीय तहबाटै कक्षागत रूपमा विवरण प्रमाणित गराउने गरी फारम परिमार्जन गर्न अत्यावश्यक भइसकेको छ। उनले भने, 'अन्य कक्षाहरू फरक विद्यालयमा पढेको भएपनि कक्षा १० जहाँबाट पढेको हो । सो विद्यालयको प्रअले प्रमाणपत्र हेरेर प्रमाणित गर्नुपर्ने उल्लेख छ । कक्षा ६, ७ लगायतको ग्रेड सेट न्यून विद्यार्थीसँग हुन्छ । कतिपय स्कुलमा विद्यार्थीको लेजर नभेटिने समस्या छ । प्रमाणित गरिदिँदा तल माथि भइदियो भने तनाव हुन्छ ।' जुन विद्यालयबाट विद्यार्थीले जुन कक्षा उत्तीर्ण गरेको हो त्यही विद्यालय र स्थानीय तहबाट कागज प्रमाणित गर्नुपर्ने अधिकांश प्रधानाध्यापकहरूको माग छ । विगत वर्षौंदेखि देखिएको यो व्यावहारिक जटिलताले प्रधानाध्यापकहरूलाई कानुनी जिम्मेवारीको जोखिम र सामाजिक तनावको मारमा पारेको प्रधानाध्यापकहरूको गुनासो छ । आयोगका सहसचिव हरिप्रसाद निरौलाले विद्यालय प्रशासनले प्रमाणीकरण गर्नैपर्ने बताए । उनले भने, 'स्थानीय तहको शिक्षा शाखाबाट भेरिफाइ गरेपछि झन् सजिलो भयो । विद्यार्थी पढे नपढेको बारेमा अन्य विद्यालयका प्रअ, अभिभावकलाई फोनबाट पनि सम्पर्क गर्न सकिन्छ । हरेक कक्षाको प्रमाण त आवश्यक पर्छ नै । विद्यालयका प्रअले पनि अभिभावक र विद्यार्थीसँग झुटा ठहरे सहौला, व्यहोरुला भनेर कबुलियतनामा गराएर पनि अघि बढ्न सकिन्छ ।'

*-हाम्रा कुरा डटकम*

# गणेश जात्राअघि श्रीनगर गणेश मन्दिरमा सरसफाइ



**पाल्पा,** भदौं ७/ ऐतिहासिक गणेश जात्रा नजिकिँदै गर्दा तानसेनस्थित श्रीनगर गणेश मन्दिर परिसरको सरसफाइ तथा व्यवस्थापनलाई तीव्रता दिइएको छ । भदौ १५ गते हुने गणेश जात्रालाई लक्षित गर्दै श्री ७ रणउजिरेश्वरी भगवती युवा क्लबले मन्दिर परिसर तथा आसपासका क्षेत्रमा सरसफाइ गरेको हो ।

जात्राका क्रममा ठूलो संख्यामा भक्तजन तथा श्रद्धालुहरू मन्दिरमा पुग्ने भएकाले धार्मिक स्थललाई स्वच्छ, सफा र व्यवस्थित बनाउने उद्देश्यले अभियान सञ्चालन गरिएको क्लबका अध्यक्ष आकाश श्रेष्ठले बताए । धार्मिक तथा सांस्कृतिक पर्वलाई सभ्य, व्यवस्थित र वातावरणमैत्री बनाउन स्थानीय समुदाय, सुरक्षा निकाय तथा सामाजिक संघसंस्थासँग सहकार्य गरी आवश्यक तयारी अगाडि बढाइएको उनको भनाइ छ । "धार्मिक पर्वको संरक्षणसँगै पर्वसँग जोडिएका स्थलको स्वच्छता र व्यवस्थापनमा पनि उत्तिकै ध्यान दिनुपर्छ," श्रेष्ठले भने । क्लबले सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न समयमा सरसफाइ तथा सामाजिक अभियान सञ्चालन गर्दै आएको र आगामी दिनमा पनि यस्ता गतिविधिलाई निरन्तरता दिने उनले बताए । अभियानमा नेपाली सेना, नेपाल प्रहरी तथा श्री ७ रणउजिरेश्वरी भगवती युवा क्लबका पदाधिकारी र सदस्यहरूको सहभागिता थियो । सहभागीहरूले मन्दिर परिसर, प्रवेश तथा आवतजावत गर्ने बाटो र आसपासका खुला क्षेत्रमा रहेका फोहोर संकलन गरी व्यवस्थापन गरेका थिए । श्रीनगर गणेश मन्दिरका गुठीयार हिमाल दत्त श्रेष्ठले गणेश जात्रा पाल्पाको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पहिचानसँग जोडिएको महत्वपूर्ण पर्व भएकाले यसको संरक्षण र व्यवस्थापनमा स्थानीय समुदायको भूमिका महत्वपूर्ण हुने बताए । उनले जात्राको मौलिकता जोगाउँदै त्यससँग जोडिएका धार्मिक स्थललाई स्वच्छ र व्यवस्थित राख्नुपर्नेमा जोड दिए । श्रीनगर सरसफाइ अभियन्ता शम्भु आचार्यले गणेश जात्रा र अघिल्लो दिन हुने जाग्रामलाई व्यवस्थित बनाउन अभियान सञ्चालन गरिएको बताए । गणेश समिति सदस्य दिपा श्रेष्ठले मन्दिर परिसरको सरसफाइमा सहयोग गर्ने क्लब परिवार, सुरक्षा निकाय तथा टोल विकास संस्थाप्रति धन्यवाद व्यक्त गरिन् । कार्यक्रम क्लवका उपाध्यक्ष सरिन शाक्यले आगामी दिनमा पनि सरसफाइलाई निरन्तरता दिने बताए । गणेश जात्रा तानसेनको धार्मिक तथा सांस्कृतिक पहिचानसँग जोडिएको पुरानो परम्परा भएकाले जात्राको तयारीसँगै मन्दिर तथा आसपासका क्षेत्रको सरसफाइ र व्यवस्थापनले पर्वलाई थप व्यवस्थित बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ क्लवका सचिव सन्तोष श्रेष्ठले विश्वास व्यक्त गरे ।

## खेलकुद समाचार

### अस्ट्रेलियाले बङ्गलादेशलाई दोस्रो दिनमै हरायो



**काठमाडौं,** भदौ ८/बङ्गलादेशसँगको दोस्रो तथा अन्तिम टेस्ट घरेलु टोली अस्ट्रेलियाले एक पारी र ५१ रनले जितेको छ । म्याकेमा भएको टेस्ट अस्ट्रेलियाले दोस्रो दिनमा नै जितेको हो । बङ्गलादेश दोस्रो पारीमा ९५ रनमा अलआउट भयो । बङ्गलादेशका कप्तान नजमुल होसैन शान्तोले ३१, मुशफिकर रहिमले नटआउट २९ रन बनाए । अस्ट्रेलियाका मिचेल स्टार्कले ४ विकेट लिए । यस्तै बङ्गलादेश पहिलो पारीमा ६४ रनमा अलआउट भएको थियो । बङ्गलादेशका शोरिफुल इस्लामले १४ रन बनाए । अस्ट्रेलियाका मिचेल स्टार्कले ६ विकेट लिए । अस्ट्रेलियाले पहिलो पारीमा २१० रन बनाएको थियो । अस्ट्रेलियाका क्यामरन ग्रीनले ६७, स्टेभेन स्मिथले ४२ रन बनाए । पहिलो टेस्ट बङ्गलादेशले ९ विकेटले जितेको थियो । ७५० बलमै सकिएको यो खेल सर्वकालीन चौथो छोटो र अस्ट्रेलियामा भएको दोस्रो छोटो टेस्ट बनेको छ । यस्तै बङ्गलादेश टेस्ट क्रिकेटको दुवै पारीमा १०० रनभन्दा कममा अलआउट हुने समग्रमा नवौं र विगत २१ वर्षयताकै पहिलो टोली छ । यसअघि सन् २००५ मा न्युजिल्यान्डसँगको खेलमा जिम्बावे पहिलो पारीमा ५९ र दोस्रो पारीमा ९९ रनमा अलआउट भएको थियो ।

## अर्थ/कर्पोरेट समाचार

### सुनको मूल्य २ हजार ८ सयले बढ्यो




**पाल्पा,** भदौ ७/ नेपाली बजारमा आइतबार सुनको मूल्य बढेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सुनको मूल्य प्रतितोला २ हजार ८ सय रुपैयाँले बढेको हो ।

महासंघका अनुसार यस दिन छापावाल सुन प्रतितोला ३ लाख १९ हजार ५ सय रुपैयाँमा कारोबार भइरहेको छ । शुक्रबार छापावाल सुन प्रतितोला ३ लाख १६ हजार ७ सय रुपैयाँमा कारोबार भएको थियो । त्यस्तै, आइतबार सुनको मूल्य प्रतिदश ग्राम २ लाख ७३ हजार ९ सय १५ रुपैयाँ कायम भएको महासंघले जनाएको छ । चाँदीको मूल्य भने प्रतितोला ४ हजार ९७५ रुपैयाँ कायम भएको छ । शुक्रबार चाँदी प्रतितोला ४ हजार ९ सय ८५ रुपैयाँमा कारोबार भएको थियो ।

## अर्घाखाँचीमा वन्यजन्तु...

...अर्घाखाँचीमा वन्यजन्तु तथा वन क्षेत्रको संरक्षणसँगै मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण पनि चुनौतीका रूपमा छ । विशेषगरी वन क्षेत्र आसपासका बस्तीमा वन्यजन्तुले कृषि बालीमा क्षति पुऱ्याउने, पशुचौपायामा आक्रमण गर्ने, कहिलेकाहीं मानवीय जोखिम निम्त्याउनेलगायत समस्या छन् ।

यस्तो अवस्थामा कानुनले तोकेको सीमाभित्र रहेर सिकार तथा वन्यजन्तु व्यवस्थापनसम्बन्धी गतिविधिलाई अघि बढाउने सरकारी नीति रहेको खड्काले उल्लेख गरे । यसैबिच डिभिजन वन कार्यालयले सिकार अनुज्ञापत्र वितरणको प्रक्रिया पारदर्शी र प्रचलित कानुनअनुसार हुने स्पष्ट पारेको छ । कार्यालयमा प्राप्त निवेदन तथा कागजातको आवश्यक जाँचपछि मात्रै सम्बन्धित व्यक्तिलाई अनुज्ञापत्र प्रदान गरिने कार्यालयका डिभिजन प्रमुख नारायणदेव भट्टराईले बताए । सिकारका नाममा वन्यजन्तुको अवैध ओसारपसार, चोरीनिकासी वा गैरकानुनी गतिविधि हुन नदिन वन कार्यालय र सम्बन्धित सुरक्षा निकायले निगरानी पनि बढाउने उनले बताए । *-रासस*

## बाढी र डुबान हुनुपूर्वको तयारी

- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे थाहा पाइराखौं,
- आपतकालिन अवस्थाका लागि खाद्यान्न तथा औषधीजन्य सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याक्ेट, डोरी,
- बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- बर्षायममा सधैं मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं तत्काल सहायता चाहिएमा सम्पर्क गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## पाल्पा अस्पतालको...

...यस्तै गरी राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला अध्यक्ष विष्णु भण्डारी, नेपाली कांग्रेसका उपसभापति झपेन्द्र गहिरे, नेकपा एमालेका सचिव रामजी पोखरेल, नेकपा एकीकृत समाजवादीका प्रतिनिधि जगन्नाथ, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष डुलबहादुर कुँवर, राष्ट्रिय जनमोर्चाका अध्यक्ष विशाल दर्लामी, अस्पताल विकास समितिका पूर्वअध्यक्ष नेत्र पाण्डे, जिल्ला समन्वय समिति पाल्पाकी उपप्रमुख काशिका गैरे, प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डे, तानसेन नगरपालिका-५ का वडाध्यक्ष रामबहादुर रावल, तानसेन-३ का वडाध्यक्ष बाबुरत्न शाक्य, तानसेन-७ का वडाध्यक्ष प्रदीप खनाल, पाल्पा सरोकार समाजका अध्यक्ष पदम न्यौपाने, अधिवक्ता विनोद कार्कीलगायतको समेत उपस्थिति रहेको थियो । सहभागीहरुले अस्पतालमा भवन अभावका कारण सेवा प्रवाहमा समस्या भइरहेको भन्दै जग्गा व्यवस्थापनका लागि आवश्यक पर्ने जुनसुकै तहको सहजीकरण र पहल गर्न तयार रहेको बताएका थिए । अस्पताल विकास समितिका अध्यक्ष अजयमान कर्मचार्यले सर्वपक्षीय तथा सर्वदलीय बैठकबाट प्राप्त सुझावलाई आत्मसात् गर्दै अस्पतालको पूर्वाधार विकासको काम अघि बढाउने बताए । उनले जग्गा प्राप्तिमा केही कानुनी अड्चन रहेकाले त्यसलाई समाधान गर्न सबै पक्षको सहयोग आवश्यक रहेको बताए । अस्पतालको नयाँ भवन निर्माणका लागि जग्गा व्यवस्थापनलाई प्राथमिकतामा राखेर अघि बढ्ने उनको भनाइ थियो । पाल्पा अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट शान्तबहादुर रोकाका अनुसार अस्पतालमा जनशक्ति र भौतिक पूर्वाधार दुवैको अभाव छ । दरबन्दीअनुसार जनशक्ति पूर्ति हुन नसकेको अवस्थामा अस्पतालले दैनिक ठूलो संख्यामा बिरामीलाई सेवा दिइरहेको उनले बताए । "दैनिक ३५० देखि ५०० जनासम्म बिरामीलाई सेवा दिइरहेका छौं। तर भवन साँघुरो हुँदा सेवा प्रवाहमा समस्या हुनुका साथै संक्रमण सर्ने सम्भावना पनि बढेको छ," रोकाले भने । पछिल्लो समय अस्पतालको सेवा प्रवाहमा क्रमिक सुधार हुँदै गए पनि पर्याप्त भौतिक पूर्वाधारको अभावले समस्या थपिँदै गएको अस्पतालको भनाइ छ । बिरामीको चाप बढ्दै जाने तर भवन तथा सेवा कक्ष पर्याप्त नहुँदा अस्पतालको गुणस्तरीय सेवा विस्तारमा समेत चुनौती देखिएको छ । अब जग्गा व्यवस्थापनको गाँठो फुकाउँदै डीपीआर निर्माण र बजेट सुनिश्चितताको काम अघि बढेमा पाल्पा अस्पतालको नयाँ भवन निर्माणले गति लिने अपेक्षा गरिएको छ । अस्पतालका विकास समितिका अध्यक्ष अजयमान कर्मचार्यको अध्यक्षता, भगवती काफ्लेको सञ्चालनमा बैंठक भएको थियो ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिदीपानी गा.वि.स.-२, हाल माथागढी गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. JC 296222 N का सुवेदार नारायण सिं थापा (ना.प्र.मा नारायण सिं गाहा थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा नरी कुमारी र जन्म मिति सन् १९५९ फेब्रुअरी १८ (वि.स.२०१५/११/०७) र नेपाली नागरिकता प्रमाणपत्रमा नरी देवी गाहा, जन्म मिति वि.स. २०१३/०१/०४ (सन् १९५६ अप्रिल १६) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई